# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.८०१०११४०७
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं. ०५

मितिः२०८२।०४।१९ गते

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

विषयः आ.व. २०८२/०८३ का लागि कार्यालयबाट हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः २०८२ श्रावण १९ गते ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक, निकायबाट हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवाप्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था भए अनुसार यस कार्यालयबाट आ.व. २०८२/०८३ मा हुने विभिन्न खरिद सम्बन्धि काम कारवाहीमा संलग्न हुन इच्छुक योग्य फर्म, गैसस, संघसंस्था वा व्यक्तिहरुलाई यस कार्यालयको वेवसाइट www.koshimun.gov.np तथा यस कार्यालयबाट उपलब्ध आवेदन फारममा आफूले सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायका शर्तहरुका अधिनमा रही यस कार्यालयमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

१. आवेदन साथ निम्नानुसारका कागजातका प्रतिलिपिहरु एक/एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।
   क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजतपत्र
   ख. मूल्यअभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र
   ग. प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष(आ.व. २०८१/०८२)सम्मको कर चुक्ता गरेको प्रमाण (कर विवरण बुझाई चुक्ता प्रमाणपत्र लिन बाँकी भए सम्वन्धित कर कार्यालयमा कर विवरण पेश भएको प्रमाण)
   घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिप
   ङ. नेपाल बाहिर दर्ता भएको संघ संस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोवार गर्न पाएको स्वीकृत वा इजाजतपत्र ।
   च. सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण।
२. आवेदनमा कुनै सार्वजनिक निकायसंग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर, दस्तुर तथा दायित्व बाँकी नभएको एवम् प्रचलित कानून बमोजिम त्यस्तो काम गर्न प्रतिवन्ध नलागेको वा कालो सूचीमा नपरेको भनि घोषणा आवेदकले गरेको हुनुपर्छ।
३. यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म,संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन सक्नेछैन ।

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

४. सूचिकृत भएको फर्म,संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानून बमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

५. सूचीकृत भएको कुनै फर्म,संघ/संस्था वा व्यक्तिले कानून बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचिबाट हटाउन सक्नेछ ।

६. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ ।

खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु

| समूह | सूचिकृत गर्नुपर्ने कार्यहरु | संक्षिप्त व्यख्या |
|---|---|---|
| १ | खरिद तथा आपूर्तितर्फ | |
| क | स्टेश्नरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, कलम, पेन्सिल, स्टिच, जस्ता स्टेश्नरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| ख | छपाइ सम्बन्धी कार्यहरु | लेटरप्याड,रजिष्टर, विभिन्न फारमहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन, बुकलेटहरु, कयालेण्डर जस्ता प्रेस सम्बन्धी कार्यहरु |
| ग | फर्निचर तथा फिक्चर्स | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु |
| घ | इलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर्स, फोटोकापी मेशिन , फ्याक्स मेशिन, युपिएस जस्ता मेशिनेरी उपकरणहरु । |
| ङ | सवारी साधन तथा सोका पार्टस पुर्जा | मोटरसाइकल तथा गाडीका साइकल तथा गाडीका टायर, ट्युव तथा अन्य पार्टस पूर्जाहरु आपूर्ति तथा फिटीङ्ग समबन्धी कार्यहरु |
| च | मेशिनरी तथा उपकरणहरु | इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजारहरु लगायतका विभिन्न मेशिनरी उपकरणहरु र तिनका पार्टसहरु |
| छ | विज्ञापन,सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टिभि तथा पत्रपत्रिकां वा अन्य माध्यमबाट विज्ञापन तथा सूनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु। |
| ज | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्ब, ट्युवलाइट तथा विद्यतीकरणका लागि आवश्यक अन्य सामग्रीहरु |
| झ | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय संचालन तथा सूचना तथा तथ्यांक भण्डारण, विश्लेषन तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर, प्रोगमाहरुको आपूर्ती सम्बन्धी कार्यहरु |
| ञ | इन्टरनेट तथा संचार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा वा टेलिफोन र सो सम्बद्ध सेवाहरु |

दिपेश कुमार भा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ट | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी | ग्यास, पेट्रोल, डिजल, मट्टीतेल, लुब्रिकेन्टस, दाउरा, कोइला, इन्भटर, ब्याट्रि, सोलार उपकरण आदी । |
| ठ | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु |
| ड | नेटवर्किङ्ग सम्बन्धी कार्यहरु | कम्प्युटर नेटवर्किङ्ग(LAN, WAN) सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु |
| २ | परामर्श तथा अन्य सेवा | |
| क | भवनको नक्सा डिजाइन गर्ने कार्य | भवन ऐन २०२५ को दफा ११ को उपदफा ३ को क,ख, ग मा व्यवस्था भए बमोजिम तोकिएको व्यक्ति र संघ संस्थाहरुबाट सोही ऐनको दफा ८ को क,ख,ग, घ मा भएको चार वर्गका भवनहरु Design, Estimate गर्नुपर्नेछ । |
| ख | अध्ययन अन्सन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु |
| ग | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेशन, टोनर रिफिलिङ्ग आदी सम्बन्धी कार्यहरु |
| घ | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेवसाइट निर्माण सम्बन्धी कार्यहरु |
| ङ | कुरियर निर्माण | चिठीपत्र तथा ससाना पार्सल आदान प्रदान सम्बन्धी कार्यहरु |
| च | डकुमेन्ट्रि तथा वृतचित्र निर्माण | सार्वजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा दृश्य सामग्री, रेडीयो पत्रिका, टेलिफिल्म, वृतचित्र आदी निर्माण गर्ने कार्य |
| छ | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, अन्तरिकृया, छलफल तथा बैंठकको संचालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| ज | हवाइ तथा अन्य यातायात(ट्राभेल एजेन्सी) | हवाइ टिकट बुकिङ्ग तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु |
| झ | तथ्याँक प्रविष्टी | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा |
| ञ | अध्यावधिक गर्ने कार्यहरु | तथ्याङ्क प्रविष्टी गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु |
| ट | कार्यालय सुरक्षा तथा सरसफाइ सम्बन्धी कार्यहरु | कार्यालय/सचिवालयलाई सुरक्षा चेक जाँचमा सहयोग गर्ने सुरक्षा गार्ड, दैनिक सरसफाइमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसाबारी गोडमेल गर्ने माली, सेप्टि टेंकी सफाइ जस्ता संस्थागत रुपमा उपलब्ध गराउने सम्बन्धी सेवाहरु |
| ठ | लेखा परीक्षण सेवा | कार्यालयको लेखापरीक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु |

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ३ | गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा | |
| क | जन चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम | नागरिक सचेतनाको लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता कार्यहरु |
| ख | अभिमुखिकरण, सवलीकरण, मुलप्रवाहीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला पिछिडिएका वर्ग, जनजाती तथा समुदायको सशक्तिकरण एवम् मूल प्रवाहीकरणको लागि संचालन हुने भेला, प्रशिक्षण, गफछी तालिम आदी कार्यरु |
| ग | वन तथा वातावरण संरक्षण, प्रवर्द्धन जस्ता कार्यक्रम | वृक्षारोपण, विरुवा उत्पादन, वन जंगल तथा वन्यजन्तुको संरक्षण, ढडेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु |
| घ | जनसहभागीता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागीता परिचालन गरी निर्माण हुने साना सिंचाइ, तटवन्ध ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु । |
| ४ | निर्माण व्यवसाय | |
| क | सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कार्यहरु | भवन, सडक, सिंचाई, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण र निर्माणकै हैसियतमा मर्मता सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु |
| ख | नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ती | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदी र उत्पादित विरुवा आपूर्ति सम्बन्धी कार्यहरु |
| ५ | अन्य | |
| क | अन्य सामग्री तथा सेवा | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नुअघी सूचीकृत गर्नुपर्ने प्रकारका कृषि जन्य सामग्री(मल, विउ, औषधी, धान, मकै , गहुँको विउँ आदी)र अन्य वस्तु सामग्री वा सेवाहरु। यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धित सेवाको स्पेशिफिकेशन खुलाई सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner